म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३१० २०८१ असोज १७ गते बिहीबार 3 October 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## बागमती प्रदेशसभाको चौधौं अधिवेशन अन्त्य

हेटौंडाः बागमती प्रदेश सभाको जारी चौधौं अधिवेशन बुधबार राती ११ बजेर ५९ मिनेटको समयदेखि अन्त्य हुने भएको छ । प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले प्रदेश सभाको चालु अधिवेशन अन्त्यको घोषणा गर्नुभएको हो ।

प्रदेश राजधानी हेटौंडास्थित प्रदेश प्रमुखको कार्यालयले बुधबार दिउँसो एक विज्ञप्ति जारी गर्दै प्रदेश सरकारको मन्त्रीपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम २०८१ साल असोज १६ गते बुधबार राती ११:५९ बजेदेखि प्रदेश सभाको चालु चौधौं अधिवेशन अन्त्य गरिएको विज्ञप्तिमा उल्लेख छ । प्रदेश सरकारको मंगलबार बसेको बैठकले प्रदेश सभाको चालु अधिवेशन अन्त्यका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

# प्रहरी प्रमुख फेरिएसँगै तस्कर पक्राउ पर्न थाले



*सोमबार जिल्ला प्रहरी कार्यालयमा हाजिर हुनुभएका प्रहरी उपरीक्षक खड्कालाई स्वागत गर्दै प्रहरीहरु ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा प्रहरी प्रमुख फेरिएसँगै तस्कर पक्राउ पर्न थालेका छन् । सामान्यतः प्रहरी प्रमुख फेरिएसँगै तस्करहरु पक्राउ पर्ने क्रम तीव्र हुन्छ भने क्रमशः तस्कर पक्राउ पर्ने क्रम रोकिन थाल्छ । मकवानपुरमा प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले सोमबार जिम्मेवारी सम्हाले लगत्तै मंगलबार एकैदिन सुन तस्कर र लागुऔषध तस्कर ३ जना पक्राउ परेका छन् ।

मंगलबार ६७ लाख ३४ हजार रुपैयाँ बराबरको अवैध सुनसहित मकवानपुर प्रहरीले एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेबाट प्रहरीले अवैध सुनसहित भारतीय नागरिक पक्राउ गरेको हो । मकवानपुर प्रहरीले मंगलबार नै लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । विशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी टोलीले ३ केजी २३६ ग्राम गाँजासहित मकवानपुरको कैलाश गाँउपालिका-२ का २३ वर्षीय तुलराम डिमडुङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मंगलबार राती १० बजेर १० मिनेटको समयमा थाहा नगरपालिका-९, चित्लाङमा सवारी साधनहरु रोकी सुरक्षाजाँज गर्ने क्रममा थाहा नगर पालिकाको डाँडाबासबाट काठमाडौंतर्फ जादै गरेको ना ७ ख २५२ नम्बरको यात्रुबाहक बसमा सवार डिमडुङलाई प्रहरीले गाँजासहित पक्राउ गरेको हो । डिङडुङलाई नियन्त्रणमा लिई जिल्ला अदालत मकवानपुरबाट १० दिन हिरासतमै राखेर अनुसन्धान गर्न म्याद लिएको जनाएको छ ।

मकवानपुर प्रहरीले लागुऔषध ओनरेक्ससहित मंगलबार एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-८ का ३४ वर्षीय शंकर तितुङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मंगलबार बिहान ४ बजेर ३० मिनेटको समयमा प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५, रातोमाटे चेकपोष्टमा सुरक्षाजाँच गर्ने क्रममा वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको ना ५ ख ८१८१ नम्बरको यात्रुबाहक बसमा सवार तितुङको साथबाट लागुऔषध ओनरेक्स बरामद भएको हो । प्रहरीले तितुङको साथबाट ओनरेक्स १ सय एमएलको १५ बोतल फेला पारेको जनाएको छ । लागुऔषधसहित तितुङलाई हिरासतमा राखी अनुसन्धान तथा कारवाही अगाडि बढाउन मकवानपुर जिल्ला अदालतबाट १५ दिनको म्याद पाएको प्रहरीले जनाएको छ ।

## २ जना गर्भवतीको हवाई उद्दार

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका २ जना गर्भवती महिलाको हवाई उद्दार गरिएको छ । मंगलबार दिउँसो करिब ३ बजेको समयमा इन्द्रसरोवर गाउँपालिका-३, स्थित सिस्नेरीकी सुकमाया वाइबा र सुशीला घिसिङको हावाई उद्दार गरिएको हो ।

गाउँपालिका-३ स्थित सिस्नेरी र कुलेखानीको सडकखण्ड वर्षाको कारण अवरुद्ध भएपछि गाउँपालिका र गृह मन्त्रालयको सहकार्यमा सुत्केरी हुन नसकेका वाइबा र घिसिङलाई हेलिकप्टरबाट काठमाडौं लगिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्कीले जानकारी दिनुभएको छ । सिस्नेरीको स्वास्थ्य चौकीमा प्रसुतिका लागि करिब एक साता पहिला नै आएका दुबैलाई बच्चा जन्माउन कठिन भएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा निवेदन दिएर नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौंको प्रसुति अस्पताल थापाथली लगिएको हो ।

गाउँपालिकाका अध्यक्ष, वडाध्यक्ष र प्रशासकीय अधिकृतको पहलमा बच्चा जन्माउन नसकेको अवस्थामा अन्य नकारात्मक अवस्था सिर्जना नहोस् भनेर उनीहरुलाई हेलिकप्टरबाट काठमाडौंको अस्पतालमा पठाएको उहाँले बताउनुभयो । उनीहरुको परिवारका एक/एक जना पनि हेलिकप्टरबाटै अस्पताल गएको उहाँले बताउनुभयो । आज बिहीबारबाट काठमाडौंबाट सिस्नेरीसम्मको सडक सुचारु हुने उहाँको भनाइ छ ।

## योजना छनौट र कार्यान्वयन पक्ष कमजोरः मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेशको योजना छनौट र कार्यान्वयन पक्ष कमजोर रहेको टिप्पणी गर्नुभएको छ । उहाँले प्रदेश सरकारको बजेट विनियोजनमा योजना छनौट र सो पश्चात कार्यान्वयन पक्ष अत्यन्त कमजोर हुँदा अपेक्षित लक्ष्य हासिल गर्न नसकिएको बताउनुभयो ।

प्रदेश नीति तथा योजना आयोगको आयोजनामा हेटौंडामा भएको वार्षिक समिक्षा एवम् प्रदेश समस्या समाधान समितिको बैठकलाई सम्बेधन गर्नुहुँदै मुख्यमन्त्री लामाले अन्तरमन्त्रालय समन्वय अभावका कारण आयोजना छनौट र कार्यान्वयनमा समस्या भएको बताउनुभयो । समन्वयको अभाव हुँदा आयोजना दोहोरो पर्ने, क्षेत्राधिकार बाहिरको आयोजना समावेश गर्ने, प्राविधिक जनशक्ति व्यवस्थापनमा समस्या हुने गरेको उहाँको भनाई छ । उहाँका अनुसार प्रदेश सरकारले प्रतिफल विहीन क्षेत्रमा लगानी गरिरहेको छ । विगतमा आयोजना छनौट तथा कार्यान्वयन पूर्वअध्ययन नगर्दा निर्माण भएका पूर्वाधारहरु अलपत्र अवस्थामा रहेको उहाँले स्पष्ट पार्नुभयो ।

मुख्यमन्त्री लामाका अनुसार बहुवर्षे आयोजना छनौटमा विधी अनुशासनको पालना नहुँदा समस्या भइरहेको छ । बहुवर्षे आयोजना छनौटमा प्रक्रिया र मापदण्ड मिचेर काम गर्दा प्रदेश सरकार माथि थप चुनौति थपिएको उहाँले दावी गर्नुभयो । कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले प्रदेशका आयोजनाहरुमा औचित्यहीन ढंगबाट लगानी भइरहेको बताउनुभयो । बजेटको ठुलो हिस्सा लगानी भएका आयोजनाहरु उत्पादनहिन रहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले आयोजना छनौटमा आवश्यकता र औचित्यका आधारमा प्राथमिकीकरण गरिनुपर्ने उहाँको भनाई छ ।

कार्यक्रममा प्रदेशका प्रमुख सचिव डा. हरिप्रसाद लम्सालले प्रदेश सरकारले ल्याएका आयोजनाहरुमा कर्मचारीहरुले अपनत्व ग्रहण गर्न नसकेको बताउनुभयो । कर्मचारीहरुले राजनीतिक नेतृत्वको नीति निर्देशन र योजनालाई अपनत्व ग्रहण गरेर अघि बढ्नु पर्ने उहाँले बताउनुभयो । राजनीतिक नेतृत्वले लिएका नीतिगत अवधारणा र कार्यक्रमहरुलाई मन्त्रालयका सचिव तथा कर्मचारीले उचित ढंगबाट कार्यान्वयन गर्नुपर्ने उहाँको भनाई थियो । बजेट निर्माणको समयमा भएका बहस र कार्यान्वयनको समयको बहस फरक ढंगको हुनुपर्ने उहाँले बताउनुभयो ।

## प्रतिष्ठानको उपकुलपतिमा प्रा.डा. ज्ञवाली नियुक्त

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा प्रा.डा. प्रदीप ज्ञवाली नियुक्त हुनुभएको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले डा. ज्ञवालीलाई प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गर्ने निर्णय गरेको हो ।

४ वर्षे कार्यकालका लागि उपकुलपतिमा नियुक्त हुनुभएका डा. ज्ञवाली पाल्पाका हुनुहुन्छ । उहाँलाई सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीको सिफारिस र स्वास्थ्य मन्त्री किरण थापाको सहमतिमा मन्त्रिपरिषद् बैठकले उपकुलपतिमा नियुक्त गरेको हो ।

गत साउन १५ गतेदेखि रिक्त उपकुपति पदमा प्रदेश सरकारले २ महिनापछि डा. ज्ञवालीलाई नियुक्त गरेको हो । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्स्टिच्युट अफ मेडिसिन क्लिनिकल फर्माकोलोजीमा मास्टर्स गरेका डा. ज्ञवाली महाराजगञ्ज मेडिकल क्याम्पस एशोसियट प्रोफेसर हुनुहुन्छ । टिचिङ अस्पताल अन्तर्गतको सो क्याम्पसको अनुसन्धान शाखाको प्रमुख समेत हुनुहुन्छ । उहाँ नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सदस्य-सचिव समेत भएर काम गरिसक्नुभएको छ ।

प्रदेशको स्वास्थ्य मन्त्री थापाको संयोजकत्वमा रहेको सिफारिस समितिले डा. ज्ञवालीसहित डा. हरि बहादुर खड्का र डा. सुजन मानन्धरलाई उपकुलपति नियुक्तिका लागि सिफारिस गरेको थियो ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक ।**

## वडा दसैं सुरु

# आज घटस्थापना

समाज संवाददाता

हेटौंडाः नेपालीहरुको प्रमुख पर्व विजयादशमी आज बिहिबारबाट सुरु भएको छ । वडा दसैंको पहिलो दिन आज घटस्थापना घरघरमा जमरा राख्ने तथा घटको स्थापना गरेर मनाईदैछ । सुख-समृद्धि र ऐश्वर्यको प्रतीक मानिने कलश स्थापना गर्ने दिन नवरात्रको पहिलो दिन अर्थात् घटस्थापना हो । घटलाई सुख-समृद्धि र ऐश्वर्य दायक तथा मंगलकारी मान्ने गरिएको छ ।

यसरी स्थापना गर्ने घटको मुखमा भगवान विष्णु, गलामा रुद्र एवम् महादेव, मूलमा ब्रह्मा तथा मध्यमा देवी शक्तिको निवास मानेर सोही अनुसार पूजा गर्ने गरिन्छ । नवरात्रिको समयमा ब्रह्माण्डमा उपस्थित शक्तिहरुको घटमा आह्वान गरेर उनीहरुलाई कार्यरत गर्ने गरिएको छ । यो घटको पूजा गर्नुले घरको सबै विपददायक तरंगहरु नष्ट भएर सुख शान्ति र समृद्धि आउने धार्मिक विश्वास रहेको छ ।

घटनस्थापनादेखि नवमीसम्म शक्तिपीठहरुमा भक्तजनले पुजा गर्ने गर्छन् । मकवानपुरका विभिन्न मठमन्दिरमा भक्तजनले नवरात्रीभर पुजा गर्छन् । हेटौंडा-१० स्थित भुटनदेवी मन्दिर, हेटौंडा-९ स्थित दुर्गा मन्दिर, हेटौंडा-१५ स्थित चुरियामाई मन्दिरलगायत विभिन्न मठमन्दिरमा भक्तजनको बाक्लो उपस्थिति रहने गर्दछ ।

वडा दसैंको शभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व **वडा दसैं, तिहार, छठ पर्व २०८१** को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सीपल
एवम् नवोदय शिशु सदन मावि परिवार
हेटौंडा-४, मकवानपुर

वडा दसैंको शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व **वडा दसैं, तिहार, छठ पर्व २०८१** को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सरोज पौडेल, प्रिन्सीपल
एवम् रस्सल एकेडेमी परिवार
हेटौंडा-९, मकवानपुर

वडा दसैंको शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व **वडा दसैं, तिहार, छठ पर्व २०८१** को शुभ अवसरमा सम्पूर्ण सहकारीकर्मीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नारायणप्रसाद देवकोटा, अध्यक्ष
एवम् जिल्ला सहकारी संघ मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# विपद्‌लाई अवसर नबनाऔं

देश अहिले राष्ट्रिय शोकमा छ । सरकारले गत शुक्रबार र शनिबारको अविरल वर्षासँगै बाढी, पहिरो र डुबानका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै तीन दिन राष्ट्रिय शोक घोषणा गरेको छ । बाढी, पहिरो, डुबान र कटानका कारण दुई सयभन्दा बढी मानिसको मृत्यु भएको छ । लाखौं मानिस पीडित र प्रभावित भएका छन् । बाढी, पहिरो र डुबानबाट पीडित बनेकाहरुको बस्ने खाने ठेगान छैन । २० औं अरबको आर्थिक क्षति भएको छ । यस्तो विपद् र शोकको अवस्थालाई कतिपय व्यवसायी तथा व्यक्ति भने अवसर बनाउँदैछन् । खोला, नदीमा आएको बाढीले धेरै सडक तथा पुल बगाउँदा राजधानी काठमाडौंसँग जोड्ने धेरै सडक-खण्डहरु अवरुद्ध भएका छन् । केही सडक-खण्डमा यातायात सञ्चालन हुन थालेका छन् । नजिकिँदै गरेको दशैंले मानिसको आवागमन बढ्दै गएको अवस्थामा सडक अवरुद्ध हुँदा थप समस्या बनिरहेको छ ।

बाढी, पहिरो र कटानका कारण सडक यातायात अवरुद्ध हुनेवित्तिकै आन्तरिक उडान गर्ने वायुसेवा कम्पनीहरुले चर्को हवाइ भाडा असुलेका छन् । हवाइजहाजको टिकट अग्रिम बुकिङ भइरहेको र साविकको भन्दा तेब्बरसम्म भाडा असुल गरेको यात्रुको गुनासो छ । हेटौंडा-काठमाडौं चल्ने टाटा सुमो तथा विद्युतीय सवारी साधनले पनि यात्रुसँग बढी भाडा लिएको गुनासो आएको छ । आइतबार साँझबाट त्रिभुवन राजपथको पालुङबाट चित्लाङ हुँदै काठमाडौंसम्मको सडक सुचारु भएपछि हेटौंडा-काठमाडौं सुमो सेवा सञ्चालन भएको थियो । सोमबार सुमो सञ्चालक तथा चालकहरुले यात्रुसँग एक हजार रुपैयाँ भाडा लिएको पाइएको हो । साविक ६ सय ५० रुपैयाँ भाडा रहेकोमा सुमो व्यवसायी तथा चालकले ३ सय ५० रुपैयाँ बढी भाडा लिएका हुन् । विपद्को समयमा यात्रुलाई सहुलियत दिएर सेवा सञ्चालन गर्नु पर्नेमा झन् बढी भाडा असुल गर्नु उचित होइन । सरकारले तोकेको भाडादर भन्दा बढी भाडा असुल गर्नु गैरकानुनी काम हो ।

दशैं, तिहारजस्ता चाडपर्व र लोकसेवा, शिक्षक सेवाको परीक्षाको बेलामा यात्रुको चाप बढी हुने गरेका कारण सुमो व्यवसायीले यसअघि पनि बढी भाडा असुल गर्ने गरेका छन् । विगतका वर्षहरुमा दशैं, तिहारअघि काठमाडौंबाट हेटौंडा आउने र दशैं, तिहारपछि काठमाडौं जाने यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिँदा पनि सुरक्षा निकायले प्रभावकारी नियन्त्रण गर्न नसकेको जगजाहेर छ । दशैं नजिकिँदै गर्दा बढी भाडा असुल गर्ने दाउमा रहेका सुमो व्यवसायीलाई अहिलेको विपद्ले थप अवसर दिएको छ । साविकको भन्दा बढी दुरीको सडक-खण्ड प्रयोग गर्नुपरेका कारण बढी भाडा लिएको सुमो चालक तथा व्यवसायीको भनाइ औचित्यपूर्ण छैन । यसअघि भाडादर तोक्ने समयको भन्दा अहिले डिजेलको मूल्य निकै कम भइसकेको छ । तोकिएको भाडादरमा सवारी साधन चलाउन नसकिने हो भने व्यवसायीले सरकारी निकायमा पहल गरेर नयाँ भाडा दर निर्धारण गराउनुपर्थ्यो । आफूखुशी मनलाग्दी भाडा लिएर यात्रु ठग्नु कालोबजारी हुने तथ्य व्यवसायीले बुझ्नुपर्छ ।

विपद्को समयमा पीडित र प्रभावितलाई राहत दिनुपर्नेमा उल्टै कालोबजारी गर्नेलाई सरकारी निकायले प्रभावकारी कारबाही गर्न सकेको छैन । दुई दिन पानी पर्दा बजारमा तरकारीको भाउ आकाशिँदा नियमनकारी निकायले थाहा नै पाउँदैन । प्रतिकेजी ५०-६० रुपैयाँमा बिक्री भइरहेका तरकारी दुई दिनको अन्तरालमा २ सय रुपैयाँको हाराहारीमा बिक्री हुँदा पनि नियन्त्रणको कुनै प्रयास गरिँदैन भने सरकार छ भनेर आम नागरिकले विश्वास गर्न सक्दैनन् । चाडपर्वको समय र यस्ता विपद्को समयमा मोका छोपेर कालोबजारी तथा अन्य अनियमित कार्य गर्ने जोसुकैलाई कारबाही गर्न नियमनकारी निकाय चनाखो बन्नैपर्छ । विपद्लाई अवसर बनाएर मौकामा चौका हान्ने यातायात तथा अन्य व्यवसायीलाई कारबाही हुनैपर्छ । नजिकिँदै गरेको दशैं तथा अन्य चाडपर्वको समयमा हवाई तथा सडक यातायातका साधनमा यात्रुको चाप बढी हुने भएकाले व्यवसायीबाट बढी भाडा असुल गर्ने सम्भावना रहन्छ । यात्रुले बढी भाडा तिर्नुपर्ने अवस्था अन्त्य गर्नु सरकारको दायित्व भएकाले सरकारले कि नयाँ भाडादर तोक्नुपर्छ नभए बढी भाडा लिनेलाई कारबाही गर्नैपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | ५२०४९५ | चित्लाङ इलाका | ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल | १०० | वारुण यन्त्र | १०१ |
| ट्राफिक प्रहरी | १०३ | बालबालिका खोजतलास केन्द्र | १०४ |
| वडा प्रहरी | ५२०२९९ | बाल हेल्पलाइन | १०९८ |
| पशुपतिनगर इलाका | ५२०५९८ | हेलो सरकार | ११११ |
| मनहरी इलाका | ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ | १९७ |
| भीमफेदी इलाका | ६९१४६२ | एम्बुलेन्स | १०२ |
| पालुङ इलाका | ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो | ११५० |
| फापरबारी इलाका | ६२१९८० | | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय ठिकै रहेको देखिन्छ ।
**वृष** : लामो समयदेखि रोकिएको काम बन्ने छ ।
**मिथुन** : परहितका लागि दौडधूप गर्नुपर्ला ।
**कर्कट** : खुट्टा तान्नेहरु आफैं नतमस्तक बन्लान् ।
**सिंह** : धार्मिक यात्रा योगमा सरिक भइने समय छ ।
**कन्या** : जिम्मेवारी र कर्तव्यप्रति सचेत रहँदा राम्रो ।
**तुला** : शारीरिक अस्वस्थता रहने समय योग छ ।
**वृश्चिक** : समाज सेवाका काममा सरिक भइने छ ।
**धनु** : कामको गुणस्तरमा वृद्धि हुनाले लाभ प्राप्त होला ।
**मकर** : सामाजिक एवम् धार्मिक यात्रामा सरिक भइने छ ।
**कुम्भ** : मनोरञ्जनको काममा सरिक भइने समय योग छ ।
**मीन** : प्रतिस्पर्धा र परीक्षामा सफल भइने समय योग छ ।

# श्रमको सम्मान नहुँदाको परिणाम

**कामलाई सानो र ठूलोमा वर्गीकरण गर्ने परिपाटीको अन्त्य गर्नचाहिँ समाज आफैं अग्रसर हुनुपर्छ । श्रमको सम्मान गर्दै त्यसको उचित मूल्यका लागि सामाजिक संघ-संगठनहरुले पनि सहयोगी भूमिका निर्वाह गर्नुपर्छ ।**





✍रत्न प्रजापति

पाखुरीमा बल छ भने कसैसँग झुकेर खानु पर्दैन । आफ्नो पाखुरीप्रति गर्व गर्थे हाम्रा पुर्खा । तिनै पाखुरी जोतेर कमाइ गर्थे । अनि त्यही कमाइले सुख, सन्तोष र आनन्दपूर्वक जीवन बिताउँथे । तर, अहिले जमाना उल्टो भएको छ । पाखुरी जोतेर भन्दा पाखुरी सुर्केर खानेहरूको बोलवाला छ । पाखुरी सुर्केर खानेहरूलाई नै समाजले सम्मानको दृष्टिले हेर्छ । पाखुरी सुर्किनेलाई सम्मान गर्नु समाजको बाध्यता पनि हो । किनभने पाखुरी सुर्किनेहरूबाट भयभीत छ अहिलेको समाज ।

पाखुरी सुर्किनेलाई सम्मान गर्ने (कु)संस्कारको विकासले गर्दा पाखुरी जोतेर कमाउनेहरू उपेक्षित र निराश छन् । निराशमात्रै होइन, अपमानित पनि छन् । खोरिया फाँड्ने, हलो जोत्ने र भारी बोक्नेहरूलाई समाजले सम्मान गर्दैन । त्यसैले पाखुरी जोत्नेभन्दा पाखुरी सुर्किने र दलाली गर्नेहरूको संख्या दिनप्रतिदिन बढ्दै छ । समाज र अर्थतन्त्रका लागि यो पक्कै पनि शुभसंकेत होइन ।

संसारभरि आधुनिक र वैज्ञानिक शिक्षण पद्धति र सोहीअनुरूपको व्यावहारिक र सीपमूलक शिक्षाको विकास भएको छ । तर, शिक्षा र शिक्षणपद्धति जतिसुकै व्यावहारिक र सीपमूलक भए पनि शिक्षा आर्जनपश्चात् रोजगारीको प्रत्याभूति नहुँदा रोजगारीको अवसरका आकांक्षी युवा निराश छन् ।

सीमित अवसरमा पनि ‘राम्रा’ भन्दा ‘हाम्रा’ ले प्राथमिकता पाउने हुँदा ठूला नेता र ठूला पदाधिकारीसँग कुनै नातासम्बन्ध नभएका सर्वसाधारण नागरिकका सक्षम छोराछोरी पनि निराशाको सिकार बन्न विवश छन् । शासन व्यवस्थामा विद्यमान यस्ता बेथितिले विशेष गरी युवा पलायनलाई प्रोत्साहित गरिरहेको छ । बिदेसिनका लागि दैनिक हजारौंको संख्यामा त्रिभुवन विमानस्थलमा लाग्ने युवाको भीडले देशमा श्रमको सम्मान नभएको र युवाको भविष्य सुरक्षित नभएको संकेत गरिरहेको छ ।

योग्यता र क्षमता भएका जोसुकैले जहाँसुकै उपयुक्त अवसर पाउन सक्छन् । अहिलेको आधुनिकीकरण र विश्वव्यापीकरणको युगमा कसैलाई राष्ट्रियताजस्तो नितान्त भावनात्मक डोरीले मात्रै बाँधेर राख्न सम्भव छैन । जहाँ योग्यता, क्षमता र प्रतिभाको कदर हुन्छ त्यहीं आफूलाई प्रस्तुत गर्न पाउनु व्यक्तिको नैसर्गिक अधिकार पनि हो । यस्तो अधिकारको प्रयोग गर्न खोज्नु स्वाभाविक पनि हो । नेपाली युवाले पनि यही विश्व परम्परालाई पछ्याइरहेका छन् र आफ्नो उज्ज्वल भविष्यको खोजी र परख विदेशमा गएर गर्न खोजिरहेका छन् । त्यसैले बिदेसिन लालायित युवाको लर्कनलाई रोक्न सकिँदैन, तर त्यसलाई कम गर्न भने सकिन्छ । यसका लागि राज्यले उपयुक्त जनशक्ति नीति र जनशक्ति योजना बनाई कार्यान्वयन गर्ने र सबैखाले व्यक्तिमा निहित योग्यता, क्षमता र प्रतिभाको कदर गर्ने परिपाटी कायम गर्नुपर्छ ।

विशेषतः श्रमको सम्मान हुनुपर्छ । श्रमको सम्मान नहुँदा श्रम गर्नेहरू विकल्प रोज्न र खोज्न विवश छन् । देशका खेतीयोग्य जमिन बाँझै पर्नु, आन्तरिक उत्पादनमा वृद्धि हुन नसक्नु, उपभोग्य वस्तुको आयात बढ्नु र व्यापारघाटा बढ्नुमा श्रमको सम्मान नहुनुलाई पनि एउटा मुख्य कारण मान्न सकिन्छ । अहिले व्यक्तिमा निहित योग्यता, क्षमता र प्रतिभाको कदरभन्दा पनि श्रमको सम्मान नहुँदा धेरै युवा निराश छन् ।

समुदाय, समाज र राज्यतहबाटै श्रमको सम्मान गर्ने परिपाटीको विकास गर्न सके युवा पलायनको लर्को कम गर्न सकिन्छ । अहिलेको हाम्रो समाज र हाम्रो राज्यको नीति पनि श्रम गर्नेलाई भन्दा श्रमको शोषण र दलाली गर्नेलाई कदर गर्नमा उद्यत रहेको देखिन्छ । श्रम गर्नेलाई भन्दा श्रमको कमाइमा तर मार्नेहरूलाई सम्मान गर्छ समाजले पनि । श्रम गर्नेमाथि हुकुम चलाउनेहरूलाई इज्जत गर्छ समाजले । यसले गर्दा श्रम गर्नेहरू निरन्तर शोषित हुँदै छन् । उपेक्षित बन्दै छन् । विभिन्न अवसरबाट पनि वञ्चित हुँदै छन् ।

सिंहदरबारको घुम्ने कुर्सीमा बसेर योजना बनाउने र फाइलमा दस्तखत गर्ने सरकारी कर्मचारीले गाउँको भीरपाखामा हलो जोत्ने, बारी खन्ने र भारी बोक्ने किसानको योगदानलाई सधैं कम देख्छ । यस्तो संकुचित मनोवृत्तिले गर्दा श्रम गर्नेहरू सधैं उपेक्षा र अवमूल्यनको सिकार भएका छन् । देशको अर्थतन्त्र र विकासमा तिनै हलो जोत्ने, बारी खन्ने र भारी बोक्नेको योगदानलाई गणना र तिनको सम्मान नहुँदासम्म श्रमको सम्मान भएको मान्न सकिन्न । अनि श्रमको सम्मान गर्ने परम्पराको थालनी नहुँदासम्म देशबाट असमानताको पनि अन्त्य हुँदैन । बेरोजगारी, गरिबी र पछौटेपनको पनि अन्त्य हुँदैन । श्रम गर्नेहरू सधैं अभावमा बाँच्ने र श्रमको शोषण गर्नेहरू उत्सव मनाएर नाच्ने स्थितिमा परिवर्तन नआएसम्म युवा पलायन रोकिने अपेक्षा गर्न सकिन्न ।

जागिर खान सक्नेको इज्जत हुने, व्यापार-व्यवसाय गर्न सक्नेको इज्जत हुने, उद्योगधन्दा चलाउनेको इज्जत हुने, राजनीति गर्नेको इज्जत हुने, दलाली गर्नेको इज्जत हुने, ठेकेदारी गर्नेको इज्जत हुने, राजनीतिक अरौटेभरौटेको इज्जत हुने अनि टोले गुन्डाको पनि इज्जत हुने तर हलो जोत्ने, बारी खन्ने, भारी बोक्ने, खर्पन बोक्ने, ढुङ्गा कुट्ने, बालुवा बोक्ने, रिक्सा चलाउने, जुत्ता सिउने, कपाल काट्ने वा दैनिक मजदुरी गर्नेको चाहिँ इज्जत नहुने ? कुनै काम ठूलो र कुनै काम सानो भनेर कुनै शास्त्र वा सिद्धान्तले परिभाषित गरेको छैन । तर, समाजले नै काममा ठूलो र सानो विभेद खडा गरेर सानो काम गर्नेलाई कुनै सम्मान नगर्ने संस्कारको विकास गर्दा सानातिना काम गर्नेहरूले आफूलाई उपेक्षित र अपमानित महसुस गर्नुपर्ने अवस्था छ ।

नेपालको संविधान, २०७२ को धारा १६ मा ‘सम्मानपूर्वक बाँच्न पाउने हक’ अन्तर्गत ‘प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ,’ भन्ने व्यवस्था गरिएको छ । तर ससानो पेसा-व्यवसाय गरी थोरै-थोरै आम्दानीबाट कठिनतापूर्वक जीवननिर्वाह गर्ने गरिब नागरिकले कहाँ सम्मानपूर्वक बाँच्न पाएका छन् र ! धूलो-माटोसँग लड्नुपर्ने र पसिनाले रुझ्नुपर्ने मिहिनेती नागरिकका गन्हाउने शरीर र फाटेका लुगा हेरेरै सुकिलामुकिला मान्छेले घृणा गर्ने, हेयको दृष्टिले हेर्ने र उस्तै किसिमको दुर्व्यवहार गर्ने गर्छन् । दिनभर शारीरिक श्रम गर्ने श्रमिककै आम्दानी सबैभन्दा कम छ, जसलाई महँगो बजारभाउका कारण एक छाक पेटभर खान र एक आङ राम्रो लाउन सधैं मुस्किल छ ।

सरकारले तोकिदिएकै न्यूनतम पारिश्रमिक पनि अत्यन्तै कम छ । सरकारले तोकेको न्यूनतम पारिश्रमिकअनुसार श्रमिकको पारिश्रमिक मासिक १७ हजार ३ सय रुपैयाँ छ । बढ्दो महँगीको समयमा यति थोरै पारिश्रमिकले श्रमिकको जीवननिर्वाह कुन रुपमा होला ? उसले आफ्ना छोराछोरीको सुरक्षित र उज्ज्वल भविष्यका लागि के-कति लगानी गर्न सक्ला ? यसरी सरकारले नै श्रमको शोषण गरेको अथवा गर्न सघाएको अवस्थामा यहाँ उपलब्ध अवसरलाई पनि लत्याएर श्रमको उचित मूल्यकै लागि नेपाली युवा विदेशपलायन हुनु कुनै नौलो र अनौठो विषय होइन ।

एकातिर शारीरिक श्रममा आधारित कामलाई अरूभन्दा निकृष्ट काम वा पेसाको रूपमा हेर्ने र श्रमको शोषण गर्ने परिपाटीले गरिबी र अभावबाट पिल्सिएका नागरिकले सधैं अपमानित र शोषित भएर बाँच्नुपरेको छ । अर्कातिर कामलाई सानो र ठूलो मान्ने वर्गीय संस्कारको विकासका कारण सामाजिक विभेदले समेत प्रश्रय पाएको छ ।

नेपालको संविधानको धारा २४ मा पेसाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने उल्लेख गरिएको छ । तर, पेसाकै कारण धेरै गरिब नेपाली नागरिकले सामाजिक रूपमा भेदभाव सहनुपरेको छ भने आर्थिक रूपमा शोषितसमेत हुनुपरेको छ । यसरी कानुनले निषेध गरेको सामाजिक विभेदलाई समेत समाजले नै प्रश्रय दिँदा युवा पलायनले प्रश्रय पाएको छ । त्यसैले अबको शिक्षाले यस्तो निकृष्ट संस्कारलाई तोड्न सक्नुपर्छ । शारीरिक वा बौद्धिक जुनसुकै कार्य गर्ने नागरिकलाई सम्मानको दृष्टिले हेर्ने र सबै प्रकारका श्रमको सम्मान गर्ने संस्कारको विकास भएपछि मात्रै आर्थिक तथा सामाजिक विकासले गति लिन सक्छ ।

आफ्नो गाउँठाउँमा श्रम गर्ने अवसर नै नभएर अथवा नपाएर धेरै युवा बिदेसिएका होइनन् । श्रमको सम्मान नभएर र श्रमको उचित मूल्य नपाएर आजित युवा आफ्नै गाउँठाउँमा प्राप्त अवसरलाई लत्याएर त्यही श्रमको सम्मान र श्रमको उचित मूल्यको खोजीमा बिदेसिएका हुन् । राज्यले युवाका मनमा आशा, भरोसा र विश्वास जगाउन नसक्दा त्यही आशा, भरोसा र विश्वाससँगै सुरक्षित भविष्यको खोजीमा बिदेसिएका हुन् । राज्यले यो यथार्थलाई मनन गर्न सकेको छैन । सकेको भए लाखौं नेपाली युवा कामकै खोजीमा बिदेसिने थिएनन् ।

श्रमको सम्मान नभएको र श्रमले उचित मूल्य नपाएको भन्दै लाखौं नेपाली युवा त्यही सम्मान र मूल्यको खोजीमा बिदेसिएकैले यहाँको जमिन बाँझो परेको र यहाँको विकास निर्माणको काममा जनशक्ति अभाव भएको हो । श्रमको मूल्य मालिक, दलाल, ठेकेदार र तिनका मतियारले हडप्ने परम्परा हट्न नसकेकाले श्रमिकहरू सधैं शोषित हुनुपर्ने र सधैं अपमानित हुनुपर्ने अवस्था छ । अहिलेको सबैभन्दा ठूलो विडम्बना नै यही हो । राज्यले त्यही दलाल, ठेकेदार र तिनका मतियारहरूकै पक्षपोषण गर्दै आएकाले वास्तविक श्रमिकले सधैं राज्यस्तरबाटै उपेक्षाको सिकार हुनुपरेको पीडाको परिणति नै युवा पलायन हो ।

काम जेसुकै गरे हुन्छ, इमानदारीपूर्वक गरे पुग्छ । इमानदारी र लगनशीलता भए जुनसुकै कामबाट पनि उचित आयआर्जन गर्न सकिन्छ । यो विश्व परिप्रेक्ष्यमा भइरहेको अभ्यासको परिणाम हो । बरु कामलाई सानो र ठूलोमा वर्गीकरण गर्ने परिपाटीको अन्त्य गर्नचाहिँ समाज आफैं अग्रसर हुनुपर्छ । श्रमको सम्मान गर्दै त्यसको उचित मूल्यका लागि सामाजिक संघ-संगठनहरूले पनि सहयोगी भूमिका निर्वाह गर्नुपर्छ । अहिलेको प्रजातान्त्रिक र खुला समाजमा कसैलाई कुनै पेसा, रोजगारी, उद्योग र व्यापार-व्यवसाय गर्ने अवसरबाट वञ्चित गरिनु हुन्न र वञ्चित पनि हुनु हुन्न । संविधानले यस्तो गर्न निषेध गरेको छ र सबैलाई कुनै पनि पेसा-व्यवसाय गरी खाने हक, अधिकार र स्वतन्त्रता दिएको छ ।

*(स्रोतः कारोबारदैनिक)*

# दसैं अभियानमा यामाहाको कीर्तिमान

समाज संवाददाता

हेटौँडाः यामाहा नेपालले दसैं लक्षित "बिगेस्ट १०शौं" अभियानमा बिक्रीको नयाँ रेकर्ड कायम गरेको दावी गरेको छ। विगतका सबै रेकर्डहरू तोड्नेगरी बिक्रीमा भएको यामाहाको दावी छ।

"बिगेस्ट १०शौं" अफर अवधिभर यामाहा मोटरसाइकल र स्कुटर खरिद गर्ने ग्राहकहरूले विभिन्न निश्चित क्यासब्याक र उपहारहरू प्राप्त गरेका छन्। अभियान अवधिभर यामाहा बाइक र स्कुटर खरिद गरेका सबै ग्राहकहरू १० लाख रुपैयाँको लक्की ड्रका लागि योग्य भएका छन्। यसबाहेक यामाहाले विशिष्ट मोडलहरूका लागि शुन्य व्याजदरको सुविधा पनि ल्याएको छ। दसैं अफरमा यामाहाले शोरुममा आउने ग्राहकले विशेष उपहारमा आइफोन १६ समेत पाउन सक्ने जनाएको छ।


नेपालमा यामाहा मोटरसाइकल र स्कुटरको वितरक एमएडब्लु राइड्स हो भने हेटौँडामा राज मोटर्सले यामाहाको आधिकारिक बिक्रेताको रुपमा प्रवर्द्धन गर्दै आएको छ। दसैंकै अवसरमा यामाहाले मोटरसाइकलका दुई मोडलहरू एफजेड-भीथ्री डिलक्स र एफजेड-भीथ्री स्ट्यान्डर्डका लागि एफआईमा १० वर्षको वारेन्टी समेत ल्याएको छ। यामाहा नेपालका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार अग्रवालले विक्री प्रवर्द्धन भइरहेको सन्दर्भमा खुशी व्यक्त गर्नुहुँदै सफलताको यात्रालाई थप निरन्तरता दिन तत्पर रहेको बताउनुभएको छ।

# घिमिरे र खरेललाई साहित्य सम्मान

समाज संवाददाता

हेटौँडाः बढ्यौली साहित्य समाज मकवानपुरले दुई जना साहित्यकारलाई सम्मान गर्ने भएको छ। बुढ्यौली साहित्य समाज मकवानपुरले हरेक वर्ष प्रदान गर्दै आएको 'तुल्सी थापा स्मृति सम्मान-२०८१' झापाका साहित्यकार देवीप्रसाद घिमिरेलाई र 'तोयानाथ रिजाल स्मृति सम्मान-२०८१' मकवानपुरका साहित्यिक देवराज खरेललाई प्रदान गर्ने निर्णय गरेको छ।

घिमिरेलाई २५ हजार राशिसहित सम्मान गरिनेछ भने खरेललाई २० हजार राशिसहित सम्मान गरिनेछ। बुढ्यौली साहित्य समाज मकवानपुरका अध्यक्ष आरसि रिजालका अनुसार घिमिरे र खरेललाई बुढ्यौली साहित्य समाज मकवानपुरको वार्षिकोत्सवमा सम्मान गरिनेछ। बुढ्यौली साहित्य समाज मकवानपुरको वार्षिकोत्सव आगामी मंसिर महिनामा हुनेछ।




## हार्दिक श्रद्धाञ्जली



जन्मः२०१२ बैशाख १४ गते

स्व. शम्भु राना मगर

स्वर्गारोहणः २०८१ असोज १४ गते


मकवानपुरको भीमफेदी गाउँपालिका-५, माथिल्लो ज्यामिरे निवासी संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) मकवानपुर जिल्ला समितिका पूर्वसदस्य, हेटौँडा-४ स्थित नवोदय शिशु सदन माविका शिक्षक उपेन्द्र राना मगरका पुजनीय बुबा **शम्भु राना मगर**को निधनको खबरले हामी मर्माहत भएका छौं। स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दुखद् घडी परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**रामशरण रिजाल, अध्यक्ष**

**एवम् ईस्टु मकवानपुर जिल्ला समन्वय समिति परिवार**

**हेटौँडा, मकवानपुर**

## हार्दिक श्रद्धाञ्जली


अनुपम घलान


बिकल रेग्मी


आदित्य बलपाकि


साइमन योञ्जन


रियान्स आचार्य


दिवश बानियाँ

यहि आश्विन १२ गतेका दिन इन्द्रसरोवर गाउँपालिका ३ सिस्नेरीमा गएको पहिरोमा परि युथ १३ एन्फा एकेडेमी वत्सला देवी मा.वि.मा प्रशिक्षणरत फुटबल खेलाडीहरु मध्ये अनुपम घलान, बिकल रेग्मी, आदित्य बलपाकि, साइमन योञ्जन, रियान्स आचार्य र दिवश बानियाँ को असमाहिक निधन भएको प्रति मकवानपुर क्रिकेट संघ परिवार स्तब्ध भएको छ। राष्ट्रले उदयमान फुटबल खेलाडीहरु गुमाउनु परेको अवस्थामा मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै शोक संतप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**मकवानपुर क्रिकेट संघ परिवार**

# हार्दिक श्रद्धाञ्जली



जन्मः २०१४/०८/२०

**स्व. श्याम बहादुर थापा मगर**

स्वर्गारोहणः २०८१/०६/०४

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-२, कुलेखानी निवासी हेटौँडा इन्फिल्डर्स मकवानपुरका सदस्य रत्न बहादुर थापाका पुजनीय बुबा **श्याम बहादुर थापा मगर**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३औं दिन**को पूण्यतिथिमा स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

# हेटौँडा इन्फिल्डर्स मकवनपुर परिवार

**हेटौँडा, मकवानपुर**

# पलेशा र एरिकाको पुरस्कार रकम निकासा दिने निर्णय

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले पदक विजेता खेलाडी पलेशा गोवर्द्धन र एरिका गुरुङलाई प्रदान गरेको पुरस्कार वापतको रकम निकासा गर्ने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले गत असोज ३ मा पलेशा र एरिकासहित उनीहरुका प्रशिक्षक तथा प्रदेशस्तरका कराँते, तेक्वान्दो संघलाई वितरण गरिएको पुरस्कार वापतको रकम निकासा गर्ने निर्णय गरेको हो ।

बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत् खेलाडी प्रोत्साहन तथा पुरस्कार वितरण अन्तर्गत युवा तथा खेलकुद मन्त्रालयलाई २३ लाख रुपैयाँ रकम निकासा दिने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार असोज ३ गतेको कार्यक्रममा प्रदेश सरकारको खेलाडी प्रोत्साहन तथा पुरस्कार वितरण अन्तर्गत एक लाख रुपैयाँ मात्र बजेट रहेकाले रकम वितरण गर्न नसकिएको उहाँले जानकारी दिनुभयो ।

"३ असोजमा कार्यक्रम गरेर सम्मान गरियो । सो समयमा घोषणा गरिएको रकम हाल निकासा गरिएको छ । जसमा पुरस्कार वापत २० लाख रुपैयाँ खर्च हुन्छ । ३ लाख रुपैयाँ सो शिर्षकमा रहने छ", मन्त्री लामिछानेले भन्नुभयो । पेरिस पारा ओलम्पिकमा कास्य पदक दिलाएकी पलेशालाई प्रदेश सरकारले १० लाख रुपैयाँ, पलेशाका प्रशिक्षक कविराज नेगीलाई २ लाख र नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिलाई १ लाख रुपैयाँ पुरस्कार घोषणा गरेको थियो । त्यस्तै १९ औं एसियाली खेलकुदमा करातेमा नेपाललाई ऐतिहासिक रजत पदक दिलाएकी एरिकालाई ५ लाख, उनको प्रशिक्षक कुशल श्रेष्ठलाई १ लाख र नेपाल कराते महासंघ बागमती प्रदेश समितिलाई १ लाख रुपैयाँ प्रदान गर्ने घोषणा गरेको थियो ।

# खेलाडीको शोकमा प्रतियोगिता स्थगित

समाज संवाददाता

हेटौँडाः सातौं संस्करणको मकवानपुर गढी गाउँपालिकास्तरीय रनिङ्गशिल्ड फुटसल प्रतियोगिता स्थगित भएको छ । मंगलबार मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिले एक सूचना जारी गर्दै खेल स्थगित गरेको जनाएको छ ।

शनिबार सिस्नेरीमा पहिरोमा परेर एकेडेमीका ६ जना खेलाडीको मृत्यु भएको थियो । पहिरोमा परेर हेटौँडाका अनुपम घलान, सर्लाहीका आदित्य बलम्पखी, काठमाडौंका रियान्स आचार्य, बाराका विकल रेग्मी, सिस्नेरीकै दिवस बानियाँ र मकवानपुरगढीका साइमन योञ्जनको मृत्यु भएको थियो । साइमन गढी-४, स्थित प्रतिभा युवा क्लबका खेलाडी थिए । खेलकुद विकास समितिले खेलाडीहरुप्रति श्रद्धाञ्जली अपर्ण गर्दै परिवारमा समवेदना समेत प्रकट गरेको छ ।

मकवानपुरगढी गाउँपालिका-३, भानु माविको मिनिपिच (फुटसल) मा प्रतियोगिता असोज १७ गते बुधबारदेखि २० गते शनिबारसम्म आयोजना गरिने भनिएको थियो । सुचनामा गाउँपालिका अन्तर्गत वडा लगायत विभिन्न क्लबहरुद्वारा आयोजना गरिएका सबै प्रतियोगिताहरु अर्को सुचना नभएसम्मका लागि स्थगित गरिएको जनाएको छ । यस अघिका प्रतियोगिताहरु मकवानपुरगढी-३, स्थित गढी स्टार स्पोर्ट्स क्लबले आयोजना गर्दै आएकोमा यस वर्षको प्रतियोगिता मकवानपुरगढी-४, को प्रतिभा युवा क्लबले आयोजना गर्न लागेको थियो ।

# साथीहरुले सम्झिए अनुपमलाई

समाज संवाददाता

हेटौँडाः गत शनिबार मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको सिस्नेरीमा पहिरोमा परी मृत्यु भएका अनुपम घलानप्रति उनका साथीहरुले श्रद्धाञ्जली व्यक्त गरेका छन् । हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा ८ सम्म अध्ययन गरी एन्फा एकेडेमीमा आवद्ध भई सिस्नेरी पुगेका घलानलाई उनका साथीहरुले सम्झिएर बुधबार विद्यालयमा श्रद्धाञ्जली सभाको आयोजना गरेका हुन् ।

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका ९ कक्षाका विद्यार्थीको अग्रसरतामा विद्यालयका सबै विद्यार्थीले अनुपमप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । श्रद्धाञ्जली सभा ९ कक्षाकी छात्रा खुसी खातुनले सञ्चालन गर्नुभएको थियो । विद्यार्थीको सक्रियतामा भएको कार्यक्रममा शिक्षकहरुले सहयोग गरेका थिए । २ कक्षामा आधुनिक राष्ट्रिय माविमा भर्ना भएका अनुपम ८ कक्षा उत्तीर्ण भएपछि अनुपम यसै वर्षदेखि सिस्नेरीमा एन्फा एकेडेमीमा भर्ना भएका थिए । आधुनिक राष्ट्रिय माविमा भर्ना हुनुअघि अनुपम हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा अध्ययन गर्दथे ।

अनुपमसहित सिस्नेरी एन्फा एकेडेमीमा आवद्ध ६ जना विद्यार्थीको पहिरोमा परी ज्यान गएको थियो । ज्यान जाने ६ जना मध्ये मकवानपुरकै ३ जना थिए । मकवानपुरका अनुपमसँगै सिस्नेरीकै दिवस बानियाँ र मकवानपुर गढी गाउँपालिकाका साइमन योञ्जनको पहिरोमा परी मृत्यु भएको थियो ।

# उपचार नपाएर मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-२ स्थित गोखेनीमा पहिरोमा परी गम्भीर घाइते भएका एक जनाको उपचार नपाउँदा मृत्यु भएको छ । शनिबार सोही ठाउँका ४५ वर्षीय गणेश गुर्छाको घर माथिबाट पहिरो खसेर चेपिंदा खुट्टामा गम्भीर चोट लागेको थियो । बाटो अवरोध भएका कारण उपचार गराउन अस्पताल लैजान नसक्दा गुर्छाको मंगलबार बिहान १० बजेर ४० मिनेटको समयमा घरै मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

# काभ्रेमा बेपत्ता दुईजनाको शव फेला

समाज संवाददाता

हेटौँडाः काभ्रे जिल्लाको बेथानचोक गाउँपालिका-४, चलालगणेशमा पहिरोमा परी बेपत्ता भएका एकजनाको शव मंगलबार निकालिएको छ ।

गत शनिबार घरमाथिबाट आएको पहिरोले ७० वर्षीय चेतमान तामाङ र श्रीमती ७० वर्षीय पुतली माया तामाङ परेका थिए । उनीहरुको शव मंगलबार निकालेर आवश्यक प्रक्रिया पुरा गरी शव छोरालाई बुझाएको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

**कम्पनीको नाम परिवर्तन गरिएको सम्बन्धी सूचना**

यस कम्पनीको विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१-०६-०७ मा स्विकृति प्राप्त भई साविक कम्पनी (साहारा मल्टिपल सर्भिसेज प्रा.लि.) (दर्ता नं. ३१०८७१/०७९/०८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम (सम्युक्ता ग्लोबल एजुकेशन प्रा.लि.) अंग्रेजी मा Samyukta Global Education Pvt. Ltd. ले सकार्ने/व्यहोर्ने गरी कम्पनी को नाम परिवर्तन गरिएको सूचना, व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सम्पर्कः ९९६९३४७०९२**

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बकैयामा ३ वटा शव फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-१०, मन्थलीस्थित बागमती खोलामा तीन वटा शव फेला परेको छ । मंगलबार बिहान ८ बजेर ३० बजेको समयमा एक महिला र दुई पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

शवको सनाखत हुन बाँकी रहेको प्रहरीले जनाएको छ । मंगलबार जनप्रतिनिधिले शव देखेपछि प्रहरीलाई जानकारी गराएको थियो । घटनास्थल प्रहरी चौकी आस्राङ ललितपुरबाट नजिक पर्ने भएकोले मकवानपुर प्रहरीले ललितपुर प्रहरीसँग समन्वय गरेको बताइएको थियो ।

# खोलाले बगाउँदा राईको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित प्रतापपुरमा राप्ती खोलाले बगाउँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ५५ वर्षीय भद्र बहादुर राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

मंगलबार बिहान ११ बजे गोठालो जाने क्रममा खोलाले बगाउँदा राई बेपत्ता भएका थिए । राई बेपत्ता भएको भन्ने खबर प्राप्त हुना साथ सशस्त्र प्रहरी पोष्ट कल्लेखोलाबाट प्रहरी सहायक निरीक्षक मोहमद मुस्ताक अलीको कमाण्डमा ७ जनाको टोली र स्थानीयहरुले खोजतलास गर्दा मच्याङ भन्ने स्थानमा राईलाई गम्भीर अवस्थामा फेला पारी तत्काल उपचारका लागि मनहरी अस्पतालमा पुर्याइएको थियो । सामान्य उपचार पश्चात थप उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुरमा लगिएकोमा डाक्टरले दिउँसो १ बजे मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# ४ जना सचिवको जिम्मेवारी तोकियो

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारले ४ रिक्त निकायमा सचिवहरुको जिम्मेवारी तोकेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय सरकारले पठाएका ३ सचिवहरुलाई पदस्थापन गर्ने निर्णय गरेसँगै रिक्त ४ निकायमा जिम्मेवारी तोकेको हो ।

केही महिनादेखि रिक्त ४ संरचनामा सचिवको जिम्मेवारी तोकिएको हो । प्रदेशका प्रमुख सचिव डा. हरिप्रसाद लम्सालले मन्त्रिपरिषद्को निर्णय अनुसार सचिव रिक्त रहेका निकायमा जिम्मेवारी तोक्नुभएको हो । साउनमा सचिवहरुको सरुवा भएसँगै अर्को जिम्मेवारी तोकिएको थिएन । संघीय सरकारले ३ सचिवलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएसँगै उनीहरुलाई जिम्मेवारी दिइएको हो । जस अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रिक्त एक सचिव पदमा विदुर खनाललाई जिम्मेवारी तोकिएको छ । उहाँलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखाको जिम्मेवारी दिइएको छ । प्रदेश नीति तथा योजना आयोगको सचिवमा केशवराज सुवेदी, लोकसेवा आयोगमा तुलसीनाथ गौतमलाई जिम्मेवारी दिइएको छ ।

त्यस्तै खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयमा संघीय सरकारले तोकेर पठाएका सचिव मोहन शाक्य, वन तथा वातावरण मन्त्रालयमा केदार बराललाई पदस्थापन गरिएको छ । प्रदेशका २ मन्त्रालय भने अझै दोहोरो जिम्मेवारीमा संचालन गर्नुपरेको छ । बुधबारको मन्त्रिपरिषद् बैठकले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको रिक्त सचिव पदमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रशासन महाशाखा प्रमुख श्रवण कुमार पोखरेललाई दोहोरो जिम्मेवारी दिने निर्णय अनुसार जिम्मेवारी तोकिएको छ ।

यसअघि नै प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पूर्ण बहादुर दर्जी दोहोरो जिम्मेवारीको रुपमा कामकाज गर्दै आउनुभएको थियो । उहाँको दरबन्दी प्रदेशसभा सचिवालयमा रहेको छ । उहाँ प्रदेशसभाको सचिवालय सचिवको रुपमा पनि कामकाज गर्दै आउनुभएको छ ।

# ट्याक्टर दुर्घटनामा विकको मृत्यु

समाज संवाददाता

हेटौँडाः मंगलबार धादिङ जिल्लाको गंगाजमुना गाउँपालिका-४ स्थित एर्सामा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । भित्री कच्ची सडकखण्डमा फुलखर्कबाट सातदोबाटोतर्फ जाँदै गरेको ग १ त ५३०० नम्बरको ढुङ्गा लोड गरेको ट्याक्टर आफैं अनियन्त्रित भएर सडकमा पल्टिदा चालक गंगाजमुना-५ का २१ वर्षीय आकाश विकको मृत्यु भएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार मंगलबार बिहान ९ बजेर ४५ मिनेटको समयमा दुर्घटना हुँदा चालक विक गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि स्थानीय अस्पताल फुलखर्क पठाइएकोमा सामान्य उपचार पश्चात थप उपचारका लागि जिल्ला अस्पताल धादिङवेशी लगिएको थियो । जिल्ला अस्पतालमा लगिएको उपचारको क्रममा मंगलबार दिउँसो २ बजेर २० मिनेटको समयमा डाक्टरले विकलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

**हार्दिक समवेदना**



**स्व. रविना मैनाली**

यस **सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.** को लेखा समिति सदस्य श्री **रमिला मैनाली**को मिति २०८१ साल असोज १५ गते मंगलबारका दिन असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् समयमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

आयुष डोटेल, अध्यक्ष

**एवम् सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

हेटौँडा-४, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ